# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश
काहुले नुवाकोट
२०७३

प.सं.०७६/०७७
च.नं.

मिति: २०७७/०३/२२

## सामाजिक सुरक्षा लाभग्राही विवरण नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरि सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ मा सामाजिक सुरक्षा लाभग्राही विवरण हरेक वर्ष नविकरण गर्नु पर्ने ब्यबस्था भए बमोजिम यस किस्पाङ गाउँपालिका ५ वटै वडाहरुमा सामाजिक सुरक्षा लाभग्राही हरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भइ सामाजिक दुरी कायम गर्दै तोकिएको ढाँचामा निवेदन दिई २०७७ श्रावण मसान्तभित्र अनिवार्य रुपमा आफै उपस्थित भइ आफ्नो सामाजिक सुरक्षा लाभग्राही विवरण नवीकरण गराउनुहुन सुचित गरिन्छ । वालवालिकाको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् भने ९० बर्ष माथिका हिडडुल गर्न नसक्ने व्यक्तिको हकमा निजका सन्तान वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन ।

सामाजिक सुरक्षा व्यक्तिगत विवरण नबिकरण गर्न आउदा ल्याउनु पर्ने कागजात/वडा सचिवले संकलन गर्नुपर्ने कागजात हरु:

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. हालसालै खिचिएको पासपोर्ट साइज को फोटो ।
३. बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्ध बिच्छेद गरि अर्को विवाह नगरेकि महिलाको हकमा सम्बन्ध बिच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
५. बिधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
६. न्यायिक पृथकीकरण गरि बसेको महिलाको हकमा पृथकीकरण भएको प्रमाण ।
७. बिबाह नगरी बसेकी महिलाको हकमा वडाको सिफारिस पत्र ।
८. अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारि भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

पुनश्च:१) राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको निर्देशन अनुसार ६० बर्ष भन्दा कम उमेर भएका बिधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा नयाँ दर्ताकोलागी बिभाग बाट अर्को सूचना जारि नभए सम्मको लागी नयाँ दर्ता तथा नबिकरण नगर्नुहुन ।

२) सामाजिक सुरक्षा लाभग्राही विवरण नवीकरण निवेदनको ढांचा यसै सूचना साथ संलग्न छ ।

३) सामाजिक सुरक्षा लाभग्राही विवरण नबिकरण नगरेमा सामाजिक सुरक्षा कार्यविधि २०७२ दफा ११ को (ङ) अनुसार लागत कट्टा गरिने ब्यबस्था भएकोले अनिवार्य रुपमा नबिकरण गर्नु गराउनु हुन ।

२०७७/३/२२

खुम बहादुर घर्ति
प्रमुख प्रशासकीय अधिकृत

हालसालै खिचिएको पासपोर्ट साइज को फोटो

श्री वडाध्यक्ष ज्यू,

वडा नं. ________, किस्पाङ गाउँपालिका, नुवाकोट

विषय: सामाजिक सुरक्षा लाभग्राही विवरण नवीकरण गराई पाउँ ।

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ मा सामाजिक सुरक्षा लाभग्राही विवरण प्रत्यक आर्थिक वर्षको श्रावण मसान्त भित्र नबिकरण गरिसक्नु पर्ने प्रावधान भएबमोजिम आगामी आर्थिक बर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउनका लागि देहायको विवरण सहित यो निवेदन पेश गरेको छु । मैले राज्यकोष तथा बैदेशिक श्रोतबाट मासिक पारिश्रमिक, निवृत्तिभरण वा अन्य कुनै पनि सुविधा लिएको छैन । उल्लेखित व्यहोरा ठिक साँचो हो । झुठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला, बुझाउँला ।

सामाजिक सुरक्षा भत्ताको किसिम : (उपयुक्त कुनै एकमा ठिक चिन्ह (✓) लगाउने )

ज्येष्ठ नागरिक ◯ अति अशक्त अपाङ्ग ◯ पूर्ण अपाङ्ग ◯ असाहाय एकल महिला ◯ लोपोन्मुख आदिबासी जनजाति ◯ बालबालिका ◯

<u>निवेदक</u>

दस्तखत: ____________________

नाम थर: ____________________

ठेगाना: ____________________

लिङ्ग: ____________________

परिचय पत्र नं.: ____________________

सम्पर्क नं.: ____________________

<u>बालबालिका वा अपाङ्गताको हकमा:</u>

संरक्षकको नाम थर:

संरक्षकको दस्तखत:

सम्पर्क मोबाइल नं.:

<u>कार्यालय प्रयोजनको लागि:</u>

परिचय पत्र नवीकरण निर्णय मिति:

भत्ताको किसिम:

परिचय पत्र नम्बर: